बैठक संख्याः १३।२०८२

बैठक मितिः २०८२।५।४ गते, समयः दिनको १:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

आज मिति २०८२।५।४ गते वुधवार दिनको १:०० बजे ससकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री दिपक राई | का.वा. वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री तीर्थराज चौधरी | का.वा. वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री जितन चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खड्का | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्ग | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | |
| २ | श्री रण वहादुर मगर | अधिकृत छैठौं | | |

बैठक संख्याः १३।२०८२

बैठक मितिः २०८२।५।४ गते, समयः दिनको १:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| ३ | श्री लोकेश चन्द्र पैकरा | इन्जिनियर सातौं | | |
| ४ | श्री कबिता बस्नेत | लेखा अधिकृत छैठौं | | |
| ५ | श्री किशोर कुमार यादव | इन्जिनियर छैठौं | | |

प्रस्तावहरू

१. प्रस्ताव नं. १ : स्थानीय दररेट तोक्ने सम्बन्धमा।
२. प्रस्ताव नं. २ : सवारी पार्किङ्ग शुल्कको बक्यौता सम्बन्धमा।
३. प्रस्ताव नं. ३ : जोखिम पूर्वानुमान र प्रभावमा आधारित नगद सहायता सम्बन्धमा।
४. प्रस्ताव नं. ४ : नगर अस्पताल भवनको Handover सम्बन्धमा।
५. प्रस्ताव नं. ५ : श्रमिकको मासिक न्यूनतम पारिश्रमिक निर्धारण सम्बन्धमा।
६. प्रस्ताव नं. ६ : ठेक्का नं. 04/NCB/SKMO/MCSTS/2080-081, Construction of Myagjin Chauriya Simsar Tourist Spot वडा नं.६ योजना निर्माणको सम्बन्धमा।
७. प्रस्ताव नं. ७ : ट्याङ्ग्रा खोला तथा नदी नियन्त्रण परियोजना सञ्चालन गर्नको लागि जग्गा प्राप्ति सम्बन्धमा।
८. प्रस्ताव नं. ८ : भूमि समस्या समाधान आयोगको बाँकी कामको सूचना सम्बन्धमा।
९. प्रस्ताव नं. ९ : दोहोरो परेको योजना संशोधन सम्बन्धमा।
१०. प्रस्ताव नं. १० : निःशुल्क आँखा जाँच शिविर सञ्चालन सम्बन्धमा।
११. प्रस्ताव नं. ११ : चेनम्यानको व्यवस्थापन तथा इन्धन सुविधा सम्बन्धमा।
१२. प्रस्ताव नं. १२ : कार्यपालिका बैठकको प्रत्यक्ष प्रसारणको लागि अध्ययन टोली गठन सम्बन्धमा।

निर्णयहरू

निर्णय नं. १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा व्यवस्था भए बमोजिम ससकोशी नगरपालिकाले आ.व. २०८२।०८३ मा सञ्चालन गर्ने निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको दररेट मध्ये तपसिलको स्थानीय सामग्रीहरूको हकमा देहाय बमोजिमको दररेट प्रयोग गर्ने र बाँकीको हकमा ससरी जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकबाट आ.व. २०८२।०८३ को लागि स्वीकृत भएको ससरी जिल्लाको दररेटलाई नै प्रयोग गर्ने गरी स्थानीय दररेट तोक्ने निर्णय गरियो।

तपसिल

बैठक संख्याः १३।२०८२

बैठक मितिः २०८२।५।४ गते, समयः दिनको १:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

आ.व.२०८२।०८३ को स्थानीय सामग्रीको दररेट

| क्र.स | सामाग्रीको विवरण | एकाई | दररेट रु. |
|---|---|---|---|
| १. | बालुवा | घ.मी. | ६५० |
| २. | ढुङ्गा | | |
| | खस्रो | घ.मी. | ३५०० |
| | चिप्लो | घ.मी. | २६६० |
| ३. | गिट्टी | | |
| | फोरुवा | घ.मी. | ३००० |
| | चालुवा | घ.मी. | २६०० |
| ४. | माटो | घ.मी. | ३०० |
| ५. | भरुवा बालुवा | घ.मी. | २०० |
| ६. | ग्राभेल | घ.मी. | १७५० |
| ७. | बास | प्रति गोटा | २०० |

निर्णय नं. २

ससकोशी नगरपालिकाबाट गत आ.व. २०८१।०८२ मा सवारी पार्किङ्ग तथा सरसफाई शुल्क बापतको ठेक्का ससकोशी नगरपालिका वडा नं. ११ बस्ने वलदेव सन्तको नाति, कुशुमलाल सन्तको छोरा टंकलाल सन्तसंग रु.१९,९९,९९१।- मा सम्झौता गरी लगाइएकोमा निज ठेकेदारले ससकोशी नगरपालिकालाई बुझाउनु पर्ने रकम मध्ये बाँकी रहेको रु. ३,१९,९९१।- बुझाउन पटक-पटक लिखित एवं मौखिक ताकेता गर्दा पनि ठेकेदारले अटेर गरी हालसम्म पनि नबुझाएकोले पुनः अन्तिम पटक पत्राचार गरी ताकेता गर्ने निर्णय गरियो।

निर्णय नं. ३

विपद संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ बमोजिम ससकोशी नगरपालिका अन्तर्गतका विभिन्न वडाहरूमा चालु आ.व. २०८२।०८३ मा बाढीजन्य विपद आउन सक्ने सम्भावना रहेकोले जोखिम पूर्वानुमान र प्रभावमा आधारित नगद सहायता उपलब्ध गराउने प्रयोजनको लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका आर्थिक रूपले विपन्न लाभग्राही, प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध आर्थिक रूपले विपन्न व्यक्ति तथा गरिब घरपरिवार पहिचान परिचय-पत्र प्राप्त व्यक्ति, गर्भवती महिला र सुत्केरी महिला रहेको घरपरिवार पहिचान गरी सम्बन्धित वडाबाट प्रमाणिकरण गरी तीन दिन भित्र नगर कार्यपालिकाको कार्यालयमा विवरण उपलब्ध गराउने निर्णय गरियो।

बैठक संख्याः १३।२०८२
बैठक मितिः २०८२।५।४ गते, समयः दिनको १:०० बजे
स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

निर्णय नं. ४

LAMA CONSTRUCTION COMPANY (Pvt.)Ltd. Maharajgunj, Kathmandu को मिति २०८२।४।१४ गतेको पत्रबाट यस लामा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. ले यस नगरपालिका अन्तर्गतको Construction of 15 Bed Primary Hospital Building at Saptakoshi Municipality Saptari Contract ID No. NCB/SM/HB/15BED/01/2078-79 को निर्माण कार्य सम्पन्न गरिसकेकोले यस प्रा.लि. भवन हस्तान्तरण (Handover) गर्न तयार रहेकोले निर्माण कार्य सम्पन्न अस्पताल भवन बुझि लिन (Takeover) हुन अनुरोध भई आएकोले निर्माण व्यवसायीको तर्फबाट सप्तकोशी नगरपालिका अन्तर्गत वडा नं. ५ मा निर्माण भएको उक्त अस्पताल भवनको As Built Drawing सहितको निर्मित संरचनाहरूको विवरण खुलाई पेश भए पश्चात प्राविधिकबाट VARIFICATION गरी प्रतिवेदन पेश भए पश्चात उक्त अस्पताल भवन बुझिलिने निर्णय गरियो।

निर्णय नं. ५

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, श्रम तथा रोजगार कार्यालय, जनकपुरधाम, धनुषाको च.नं. ३८ मिति २०८२।४।१९ को पत्रबाट नेपाल राजपत्रमा प्रकाशित सूचना समेत संलग्न राखी २०८२ साल श्रावण १ गते देखि लागु हुने गरी निर्धारण गरिएको श्रमिकको मासिक न्यूनतम पारिश्रमिक रु.१९५५०।- (आधारभूत पारिश्रमिक रु.१२१७०।- र महङ्गी भत्ता रु.७३८०।) कार्यान्वयन गर्न लेखि आएकोले सोही बमोजिम यस नगरपालिका र अन्तर्गतमा करार सेवामा कार्यरत न्यूनतम पारिश्रमिक नपाएका कार्यालय सहयोगी कर्मचारीहरूको हकमा रु. १९५५०।- न्यूनतम पारिश्रमिक तोकी उपलब्ध गराउने निर्णय गरियो।

बैठक संख्याः १३।२०८२

बैठक मितिः २०८२।५।४ गते, समयः दिनको १:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

निर्णय नं. ६

सप्तकोशी नगरपालिकाको लागि आ.व.२०८०।०८१ मा संघीय सरकारबाट प्राप्त समपुरक अनुदान रु.५०,००,०००।- (पचास लाख) र मिति २०८०।९।२५ गतेको नगर कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाले साझेदारी व्यहोर्ने रकम सहित प्राविधिक लागत अनुमान रु.१,४९,९७,९७९।६७पैसा भएको म्यागजिन चौरिया सिमसार पर्यटकीय स्थल निर्माण कार्यका लागि मिति २०८०।११।१५ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वानको सूचना प्रकाशन भए अनुरुप ठेक्का नं. ०४/NCB/SKMO/MCSTS/२०८०-०८१, Construction of Myagjin Chauriya Simsar Tourist Spot वडा नं.६, ७ योजना निर्माणको लागि सप्तकोशी नगरपालिकाको कार्यालय र अपन निर्माण सेवा, हात्तीवन-१५, ललितपुर बीच मिति २०८१।०२।०८ गते स्वीकृत कवोल अंक रु. ८५६९२५८।४३ पैसा (भ्याट र पिएस आईटम समेत) मा सम्झौता भई मिति २०८१।०३।१५ गते सम्ममा योजना सम्पन्न गर्नु पर्ने भएकोमा सम्बन्धित निर्माण व्यवसायीबाट समयमा निर्माण कार्य सम्पन्न गर्न नसकी म्याद थप गरी दिन अनुरोध भए अनुरुप नगर कार्यपालिकाको निर्णय बमोजिम पहिलो पटकको लागि मिति २०८१।४।३२ गते सम्म, दोश्रो पटकको लागि मिति २०८१ कार्तिक मसान्त सम्म, तेश्रो पटकको लागि मिति २०८१ माघ मसान्त सम्म र चौथौ पटकको लागि मिति २०८१ चैत्र मसान्त सम्म म्याद थप गर्दा समेत निर्माण व्यावसायीले निर्माण स्थल छोडी म्याद भित्र योजना निर्माण सम्पन्न नगरी अलपत्र पारेकोमा सप्तकोशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको च.नं.११९, मिति २०८१।४।२० गते निर्माण कार्य सुचारु गर्ने सम्बन्धमा पत्राचार गरी मौखिक रुपमा समेत जानकारी गराएकोमा सम्बन्धित निर्माण व्यवसायीबाट कार्य सुचारु गर्ने तर्फ कुनै चासो नदेखाएकोले पुनः च.नं.७२०, मिति २०८१।८।१६ गते निर्माण कार्य सुचारु गर्ने सम्बन्धमा पत्राचार गर्दा समेत निर्माण कार्यको थालनी नगर्दा अन्तिम पटकको लागि च.नं.८७२, मिति २०८१।९।१४ गते निर्माण कार्य सुचारु गर्ने सम्बन्धमा अन्तिम ताकेता पत्र पठाई पटक-पटक लिखित एवं मौखिक जानकारी गराउँदा समेत उक्त योजना निर्माण नगरेको, पछिल्लो पटक मिति २०८२।४।१८ गते नगरपालिकाको कार्यालयबाट खटिई गएको ईन्जिनियर लोकेश चन्द्र पैकरा समेतको प्राविधिक कर्मचारीहरूको टोलीबाट स्थलगत निरीक्षण गर्दा निर्माण व्यवसायीले रु.२,०९,७५६।२५ पैसा (दुई लाख नौ हजार सात सय छपन्न रुपैंयाँ पच्चिस पैसा मात्र।-)(VAT समेत) वरावरको वाटो नै अवरोध हुने गरी माटोको थुप्रो मात्र खसाली छोडेको, निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएको/प्रयास गरेको नदेखिएको र निर्माणस्थल छोडी सम्पर्कमा नआएको व्यहोरा खुलाई प्रतिवेदन पेश हुन आएकोले कार्यालयलाई वेवास्ता, आलटाल, झुक्यानमा राखी कानूनको अनदेखा गरी निर्माण कार्य अलपत्र पारेकोले सम्बन्धित निर्माण व्यावसायीलाई सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ एवं

ठेक्का संझौताको शर्त विपरीत योजना सम्पन्न नगरी निर्माण कार्य अलपत्र पारी सरकारी हानी नोक्सानी गर्ने प्रयत्न गरेको देखिएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५९ एवं ठेक्का सम्झौताको शर्त GCC को Clause No. ७२ मा भएको Termination सम्वन्धी व्यवस्था बमोजिम त्यस निर्माण व्यवसायीसंग भएको ठेक्का सम्झौताको अन्त्य गर्ने तथा प्रचलित कानून बमोजिम कालोसूचीमा लैजाने लगायतका कारवाही किन नगर्ने? ठेक्का सम्झौताको अन्त्य गर्ने तथा कालोसूचीमा लैजाने लगायतका कारवाही नगर्नु पर्ने कुनै उचित कारण भएमा ७ (सात) दिन भित्र स्पष्टीकरण पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने, साथै सूचना प्रकाशन भएको ७ (सात) दिन भित्र स्पष्टीकरण पेश नगरेमा पुनः अन्तिम पटकको लागि ७ (सात) दिने स्पष्टीकरणको सूचना प्रकाशन गर्ने र निर्माण व्यावसायी अपन निर्माण सेवा, हातिवन-१५, ललितपुरले ठेक्का नं. ०४/NCB/SKMO/MCSTS/२०८०-०८१, Construction of Myagjin Chauriya Simsar Tourist Spot योजना निर्माणको लागि ग्लोवल आईएमई वैंक, नख्खु शाखा, काठमाण्डौंबाट ससकोशी नगरपालिकाको नाममा २० May, २०२४ मा जारी भएको ग्यारेन्टी नं.PBG८५२४NPR०१७२२ को कार्य सम्पादन जमानत वापतको रकम रु.२४,००,०००।- (चौविस लाख) ससकोशी नगरपालिकाको नाममा रहेको नेपाल वैंक लिमिटेड शाखा फत्तेपुर स्थित धरौटी खाता नंम्वर ११३०३०००००३००००००००१ मा दाखिला गर्न सम्बन्धित वैंकलाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं. ७

ससकोशी नगरपालिका अन्तर्गतको चन्द्र नहरको साईफनबाट निकास हुने पानी र विभिन्न साना खोल्साखाल्सीहरूको पानी निकास भई वडा नं.२ को सिमाना देखि वडा नं.४, वडा नं. ५, वडा नं. ८, वडा नं. ९ र वडा नं. १० हुँदै टयाङ्ग्रा खोला मयुरनी खाता भई वहाव क्षेत्र वनाई वग्ने र सो को उचित निकास नहुँदा वर्षायाममा उक्त खोलामा आउने वाढीका कारण कृषकहरूको सयौं विगाहा खेतीयोग्य जमिन डुवान पर्ने, खेतीवालीमा क्षति नोक्सानी पुऱ्याउने र वाढीजन्य विपद समेत सिर्जना गरी धनजनको नोक्सानी समेत गर्ने भएकोले उक्त टयाङ्ग्रा खोला तथा नदी नियन्त्रण (वडा नं.२, वडा नं. ४, वडा नं. ५, वडा नं. ८, वडा नं. ९, वडा नं. १०) परियोजनाको निर्माण कार्य सञ्चालन गर्न अति आवश्यक भई विस्तृत परियोजना अध्ययन प्रतिवेदन समेत तयार गरी सङ्घीय सरकारबाट आ.व.२०८१।०८२ मा विशेष अनुदान बजेट रु.३,००,००,०००।- प्राप्त भई सो बजेटबाट ठेक्का आह्वान गरी वडा नं.४ को मयुरनीखातामा नदी नियन्त्रणको संरचनाहरू निर्माणको कार्य सञ्चालन समेत भएकोमा टयाङ्ग्रा खोलाको वाढीको वहाव क्षेत्र रहेको स्थानमध्ये वडा नं. ४ को जग्गाहरू व्यक्ति विशेषको स्वामित्वमा भएकोले सम्वन्धित जग्गाधनीहरूवाट उक्त परियोजना सञ्चालन गर्नको लागि निःशुल्क जग्गा प्राप्तिको लागि नगर कार्यपालिकाको निर्णयानुसार मिति २०८१।११।१५ गतेमा सार्वजनिक सूचना

बैठक संख्याः १३।२०८२
बैठक मितिः २०८२।५।४ गते, समयः दिनको १:०० बजे
स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

प्रकाशन गरिएकोमा कुनै व्यक्तिबाट पनि निःशुल्क जग्गा नदिएकोले पुनः मिति २०८२।१।१७ गतेमा सशुल्क जग्गा उपलब्ध गराउनको लागि सार्वजनिक सूचना प्रकाशन गरिएकोमा सम्बन्धित जग्गाधनीहरूले उल्लिखित परियोजना सञ्चालन गर्नको लागि सशुल्क जग्गा उपलब्ध गराउन मन्जुर भई निवेदन सहितको मन्जुरीनामा दिनु भएको र सप्तकोशी नगरपालिकाको पन्ध्रौं नगर सभाबाट चालु आ.व.२०८२।०८३ मा उक्त कित्ता नम्बरका जग्गाहरूको मुआब्जा वितरणको लागि रु.५०,००,०००।-(पचास लाख) बजेट समेत विनियोजन भएकोले ट्याङ्ग्रा खोला तथा नदी नियन्त्रण परियोजना क्षेत्रको वडा नं. ४ मा पर्ने तपसिल बमोजिमको क्षेत्रफल भएको व्यक्तिगत स्वामित्वको जग्गा प्राप्तिको स्वीकृतिको व्यवस्था मिलाई दिनको लागि नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य मन्त्रालय, सिंहदरवार, काठमाण्डौमा अनुरोध गरी पठाउने निर्णय गरियो।

तपसिल

ट्याङ्ग्रा खोला तथा नदी नियन्त्रण परियोजना सञ्चालनको लागि मुआब्जा दिई प्राप्त गर्नु पर्ने साबिक गा.वि.स. भरुवाखाल वडा नं.७ क हाल सप्तकोशी नगरपालिका वडा नं. ४ को जग्गाको विवरण

| सि.नं. | जग्गाधनीको नाम | कित्ता नम्बर | कुल क्षेत्रफल | परियोजनाको लागि प्राप्त गर्नुपर्ने ज.वि. (क्षेत्रफल) |
|---|---|---|---|---|
| १ | रन्जना कुमारी यादव | ८१७ | ०-४-० | ०-२-१९ |
| | | ८७२ | ०-१-५ | ०-०-५.७१ |
| २ | किरन चौधरी | ७४ | ०-२-३ | ०-०-९.२५ |
| ३ | निर कुमार कटुवाल | २३७ | ०-९-१० | ०-१-५.२५ |
| ४ | कुल प्रसाद पराजुली | ३०९ | ०-२-१.५ | ०-१-३.४४ |
| ५ | गोपाल खड्का | ३१० | ०-०-१२.५ | ०-०-१२.२५ |
| | | ३७० | ०-२-११ | ०-०-३.८९ |
| | | ३७१ | ०-४-१३ | ०-२-११ |
| ६ | धन माया मास्के | ७९ | ०-५-६ | ०-१-११.५ |
| ७ | शिवधन राई | ९७ | ०-४-१३ | ०-१-५.२२ |
| ८ | डेडराज श्रेष्ठ | ९८ | ०-१-० | ०-१-० |
| ९ | अम्बिका पौडेल | ३३४ | ०-६-० | ०-२-१० |
| १० | धर्मराज खत्री | ५१७ | ०-३-१९ | ०-०-१.३५ |
| ११ | जगत बहादुर बिस्त | ११२ | ०-४-५ | ०-०-३.४२ |
| १२ | देव कुमारी श्रेष्ठ | ३३५ | ०-४-१०.५ | ०-१-९ |
| १३ | कमला कार्की | ३६७ | ०-८-२ | ०-०-१२.५ |
| १४ | देव कुमारी राई | ३१५ | ०-९-१९ | ०-२-२.५ |
| १५ | बतहु चौधरी | ११० | ०-११-१२ | ०-०-१७.५ |

बैठक संख्याः १३।२०८२
बैठक मितिः २०८२।५।४ गते, समयः दिनको १:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| सि.नं. | जग्गाधनीको नाम | कित्ता नम्बर | कुल क्षेत्रफल | परियोजनाको लागि प्राप्त गर्नुपर्ने ज.वि. (क्षेत्रफल) |
|---|---|---|---|---|
| १६ | महेन्द्र प्रसाद चौधरी | ४४७ | ०-४-८ | ०-०-१८ |
| १७ | कुमारी प्रधान | १०५ | ०-८-४ | ०-२-१४ |
| १८ | शिवराम चौधरी | ४४८ | ०-५-१५ | ०-१-७.२२ |
| १९ | मुरली कुमार चौधरी | ८८१ | ०-२-९.५ | ०-०-११ |
| २० | घनश्याम चौधरी | ८८२ | ०-२-९.५ | ०-०-११.२२ |
| २१ | श्रीमती कारीवती थरुनी | ४५० | ०-३-३ | ०-०-१३ |
| २२ | सन्तोष कुमार रौनियार | १४९ | ०-१६-१ | ०-२-१९.८९ |
| २३ | निर्जला कुमारी कोइराला | ३८१ | ०-६-० | ०-१-८.७५ |
| २४ | दुर्गा कार्की (राउत) | ५४७ | ०-६-११.५ | ०-२-७.८४ |
| २५ | कविता कुमारी कोइराला पराजुली | १४४ | ०-८-९ | ०-०-१.६५ |
| २६ | कालि माया विष्ट | २५२<br>२४३<br>२४४ | ०-१-२.३८<br>०-५-९.५<br>०-२-१४.५ | ०-१-२.३८<br>०-०-१४.८८<br>०-०-१० |
| २७ | डम्बर बहादुर बुढाथोकी | ३३६ | ०-१०-० | ०-१-१३ |

निर्णय नं. ८

नेपाल सरकार, भूमि समस्या समाधान आयोग, जिल्ला समिति ससरी राजविराजको च.नं.२१ मिति २०८२।४।३० गतेको पत्रसाथ संलग्न नेपाल सरकार, भूमि समस्या समाधान आयोग, ताहाचल, काठमाण्डौबाट मिति २०८२।४।३० गते प्रकाशित विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि अन्तिम पटकको लागि निवेदन दिने सम्बन्धी ३५ दिने सूचनाको विषय बैठक समक्ष जानकारी भयो। उक्त सम्बन्धमा मिति २०७७।१।१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजात सहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा आयोगको जिल्ला समितिको सचिवालयमा ३५ दिन भित्र निवेदन पेश गर्न सबै वडा कार्यालयबाट प्रचार-प्रसार गरी आवश्यक समन्वय गर्ने निर्णय गरियो।

बैठक संख्याः १३।२०८२
बैठक मितिः २०८२।५।४ गते, समयः दिनको १:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

निर्णय नं. ९

ससकोशी नगरपालिका, वडा नं. ३ को कार्यालयको च.नं. ०१ मिति २०८२।४।१ गतेको पत्रसाथ सम्बन्धित वडा समितिको बैठकको निर्णय प्रति संलग्न राखी पन्ध्रौं नगर सभाबाट चालु आ.व.२०८२।०८३ को लागि पारित ३ नं. वडास्तरीय निम्न बमोजिमका योजना/कार्यक्रमहरूमा प्रदेश सरकारको निकायबाट बजेट विनियोजन भई दोहोरो पर्न गएकोले देहाय बमोजिम योजना/कार्यक्रम संशोधनको लागि अनुरोध भई आएकोले सोही बमोजिम योजना/कार्यक्रम संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल

| सि.नं. | साविक योजना/कार्यक्रमको नाम, ठेगाना | विनियोजित बजेट रु. | संशोधित योजना/कार्यक्रमको नाम, ठेगाना | संशोधित बजेट रु. |
|---|---|---|---|---|
| १ | नवदुर्गा टोलमा RCC ढलान | ५०६०००।- | नवदुर्गा टोलमा RCC ढलान | ७०६०००।- |
| २ | शिवालय समाजसेवा क्लवको अधुरो भवन निर्माण | ४०००००।- | सडक वत्ती जडान तथा मर्मत | २०००००।- |
| ३ | राजाजी मन्दिर निर्माण तथा घेरावेरा | १०००००।- | जनतासंग वडा अध्यक्ष कार्यक्रम | १०००००।- |
| | जम्मा | १००६०००।- | | १००६०००।- |

निर्णय नं. १०

तिलगंङ्गा आँखा प्रतिष्ठान, काठमाण्डौंबाट नेत्र रोग विशेषज्ञहरूको टोलीद्वारा ससकोशी नगरपालिका भरिका जेष्ठ नागरिक, असहाय तथा विपन्न नागरिकहरूको निःशुल्क आँखा जाँच तथा मोतीबिन्दु छनौट शिविर तपसिल बमोजिमको मिति र स्थानमा सञ्चालन हुने भएकोले उक्त शिविरमा सहभागी विशेषज्ञ तथा स्वास्थ्य कर्मीहरूको लागि नगरपालिकाले खाना र आवासको व्यवस्थापन मिलाउने र सम्बन्धित सबै वडाहरूले निःशुल्क आँखा जाँच शिविरमा वडावासीहरूलाई जाँच गराई लाभान्वित हुनको लागि वडावासीहरूमा खबर एवं प्रचार-प्रसार गर्ने लगायतका आवश्यक सहयोग पुऱ्याउने निर्णय गरियो।

तपसिल

बैठक संख्याः १३।२०८२
बैठक मितिः २०८२।५।४ गते, समयः दिनको १:०० बजे
स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

| भाद्र २० गते | भाद्र २१ गते | भाद्र २२ गते | भाद्र २३ गते | भाद्र २४ गते | भाद्र २५ गते | भाद्र २६ गते |
|---|---|---|---|---|---|---|
| फत्तेपुर | सखुवनी | वोचही | ओद्राहा | वलार्दह | कमलपुर | भगनी स्वास्थ्य चौकी |
| वडा नं. १ र २ | वडा नं. २ र ३ | वडा नं. ६ र ७ | वडा नं. ७ र ८ | वडा नं. ४ र ५ | वडा नं. ९ र १० | वडा नं. १० र ११ |

निर्णय नं. ११

नेपाल सरकार, भूमि समस्या समाधान आयोग, ताहाचल, काठमाण्डौबाट जिल्ला समिति सप्तरी राजविराज मार्फत सप्तकोशी नगरपालिकामा भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरू बसी रहेको जग्गा नाँपजाँचको लागि अमिनहरू खटिई आई फिल्डमा कार्य गरिरहेकोमा एकजना चेनम्यानको आवश्यक भई उपलब्ध गराई दिन अनुरोध गरेकोले दैनिक ज्यालादारीमा उक्त कामको लागि चेनम्यानको व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन गर्न निर्णय गरियो। साथै नापजाँचमा खटिएका मोटर साइकल प्रयोग गर्ने सर्भेक्षक, अमिनहरूलाई मासिक १० लिटरको दरले इन्धन सुविधा उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १२

सप्तकोशी नगरपालिका, नगर कार्यपालिकाको बैठक प्रत्यक्ष प्रसारण गर्ने सन्दर्भमा छलफल गर्दा प्रत्यक्ष प्रसारण प्राविधिक विषय भएकोले हाल बैठकको प्रत्यक्ष प्रसारण गर्ने गरेको धरान उपमहानगरपालिकाको भ्रमण गरी आवश्यक उपकरण, जनशक्ति लगायतको विषयमा अध्ययन गर्नको लागि ३ नं. वडाका वडा अध्यक्ष श्री देवकान्त गोजेवारको संयोजकत्वमा तपसिल बमोजिमको अध्ययन टोली गठन गर्ने निर्णय गरियो।

तपसिलः

१. श्री देवकान्त गोजेवार - संयोजक
२. श्री राजेन्द्र कुमार यादव - सदस्य
३. श्री रमेश प्रसाद साह - सदस्य
४. श्री दिपक राई - सदस्य
५. श्री प्रकाश सुवेदी - सदस्य
६. श्री रण वहादुर मगर - सदस्य